बैठक संख्याः ४१

मितिः२०८३/०३/०२६

समयः११:०० बजे

सिंजा गाउँपालिका नराकोट,जुम्ला

उपरोक्त मिति, समय र स्थानमा सिंजा गाउँपालिकाका अध्यक्ष श्री पूर्ण प्रसाद धिताल ज्यू को अध्यक्षतामा तपसिलमा उल्लेखित कार्यपालिका सदस्यहरुको समेत उपस्थितिमा बसेको बैठक देहाय बमोजिमका निर्णय गरियो ।

तपशिल

| सि.नं. | दर्जा | नामथर | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | पूर्ण प्रसाद धिताल | | |
| २ | उपाध्यक्ष | सितली रोकाया | | |
| ३ | वडा नं. १ अध्यक्ष | हरिनन्द आचार्य | | |
| ४ | वडा नं. २ अध्यक्ष | तिर्थ वड | | |
| ५ | वडा नं.३ अध्यक्ष | सुरथ बहादुर रावत | | |
| ६ | वडा नं. ४ अध्यक्ष | रन्जित बुढा | | |
| ७ | वडा नं. ५ अध्यक्ष | कृष्ण बहादुर रोकाया | | |
| ८ | वडा नं. ६ अध्यक्ष | लाल बहादुर बुढा | | |
| ९ | कार्यपालिका सदस्य | राजपुरा दमाई | | |
| १० | कार्यपालिका सदस्य | रुपकेउडा विष्ट | | |
| ११ | कार्यपालिका सदस्य | दन्ता कामी | | |
| १२ | कार्यपालिका सदस्य | मागी वड | | |
| १३ | कार्यपालिका सदस्य | हरिचन्द्र सार्की | | |
| १४ | कार्यपालिका सदस्य | मोती दमाई | | |
| १५ | प्रमुख प्रशासकीय अधिकृत | टेक बहादुर शाही | | |

प्रस्तावहरुः

१. कार्यान्वयन समितिको सिफारिस सम्बन्धमा ।

२. विविध ।

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा स्थानीय भू-उपयोग परिषद्को काममा सहजीकरणका लागि गठन भएको कार्यान्वयन समितिले भू-उपयोग ऐन, २०७६ र भू-उपयोग नियमावली, २०७९ बमोजिम सिफारिस गरेको कृषि र गैह्र कृषि क्षेत्रमा गरिएको तपसिल बमोजिमको वर्गिकरणको विवरण स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | वडा नं. | विस्तृत विवरण | किसिम | कैफियत |
|---|---|---|---|---|
| १ | १ | रकडिल केन्द्र विन्दु लुम्फेर माडु क्षेत्र र साविकका गाउँबस्तीहरु, गुमगाड र लुम्फेर माडु | गैह्र कृषि | |
| २ | २ | विष्टबाडा गाउँदेखि रनुखाना सम्म, सडकले जोडिएको क्षेत्र र विष्टबाडा व्यवसायिक क्षेत्र केन्द्र विन्दु । | गैह्र कृषि | |
| ३ | ३ | नागम गमगडि राजमार्ग कोलाचौर एरियाको ५० मिटर तलमाथि आवासिय क्षेत्र कायम गर्ने र साविकका गाउँवस्ती वडा न. ३ को साविक शनिगाउँ वडा नं. १ नक्सा नं. क, ख, ग, घ, ङ र च सम्म सिमाना कायम गर्ने, सिंजा गाउँपालिका वडा नं. ३ मा नयाँ वस्ति विस्तार क्षेत्र धिताललिही पक्की पुल देखि सेरा ज्यूला हुदैं नराकोट नवली सम्म वस्ती विस्तार गर्ने । भैरव मा.वि. नराकोटको लगभग ५० रोपनी रोजिखोला, धिताललिहीको कोलाचौर २० हजार वर्गमिटर र वडा चौर सियाँला जग्गालाई औधोगिक क्षेत्र बनाउने । | गैह्र कृषि | |

| | | | | |
|---|---|---|---|---|
| ४ | ४ | साविकका गाउँवस्ती र ४ नं. वडा कार्यालय र स्वास्थ्य कार्यालय वरिपरिको क्षेत्र | गैह्र कृषि | |
| ५ | ५ | ५ नं. वडा कार्यालय देखि शनिगाउँ सम्म, वडा कार्यालय देखि पश्चिम तिरको रोड फुङ्ग्र गाउँ हुदै केर्स सम्म, वडा कार्यालय देखि गोरा गाउँसम्मको रोड र शनिगाउँ स्वास्थ्य चौकीको रोड मझेरी खोला सम्मको रोड | गैह्र कृषि | |
| ६ | ६ | साविकका गाउँवस्ती, वडा नं. ६ को वडा कार्यालय देखि सरसाइ सम्म आवासिय क्षेत्र, भाडगाउँ स्वास्थय किल्नीक देखि भन्ने सम्म र वडा कार्यालय देखि आवर सम्म आवासीय क्षेत्र, भाडगाउँ देयार रुख देखि घट्टे चौर सम्म आवासीय क्षेत्र । | | |
| | | | | |

-एउटै कित्ता दुई भन्दा बढी क्षेत्रमा परे पनि प्राथमिकताक्रम गैह्र कृषि र कृषि हुनेछ ।
-स्थानीय मुख्य मार्ग, सहायक मार्ग र विस्तारित मार्गको दायाँ बायाँ रहेका जोखिमयुक्त भीर पाखो, खोला खोल्सी क्षेत्रहरु गैह्र कृषि क्षेत्र भित्र नपर्ने ।

निर्णय नं. २.

प्रस्ताव नं. २ माथि छलफल गर्दा सिंजा गाउँपालिकाको स्थानीय भू-उपयोग परिषदबाट भएको भूमी वर्गीकरण सम्बन्धी सम्पूर्ण कार्यहरु सम्पन्न भइ सकेकाले वडा नं. १ देखि ६ सम्म लागु गर्ने निर्णय भई सकेकाले सम्बन्धित निकायमा जानकारी समेत पठाउने निर्णय समेत गरियो ।

प्रस्ताव नं. ३. मा छलफल गर्दा चालु आ.व. २०८२/०८३ को वार्षिक समिक्षा कार्यक्रम तथा सार्वजनिक सुनुवाई कार्यक्रम २०८३ साल असाढ ३१ गते सिंजा गाउँपालिकामा गर्ने निर्णय गरियो ।